नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाडौको

## दुग्ध विकास संस्थानको रिक्त सञ्चालक समितिका पदाधिकारीहरु मनोनयनको लागि दरखास्त पेश गर्ने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०।०३।१४**

दुग्ध विकास संस्थानको सञ्चालक समितिमा रिक्त रहेका देहाय वमोजिमका सदस्यहरुको मनोनयनका लागि सिफारिस गर्न गठित सिफारिस समितिको मिति २०८०/०३/१३ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित सदस्य पदको मनोनयनको लागि देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र (आवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा (बोर्ड/संस्थान डेस्क) सिंहदरवार काठमाण्डौमा गोप्य शिलवन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं | रिक्त पद | आवश्यक संख्या | योग्यता तथा अनुभव |
|---|---|---|---|
| ०१/०७९।०८०DDC | विषय विशेषज्ञ सदस्य | १ | सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरी दश वर्षको अनुभव भएको, ३० वर्ष उमेर पुरा भएको |
| ०२/०७९।०८०DDC | दुग्ध व्यवसायी सदस्य | १ | दुग्धजन्य व्यवसायिक क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त, ३० वर्ष उमेर पुरा भएको । |
| ०३/०७९।०८०DDC | दुग्ध उत्पादक कृषक सदस्य | १ | दुग्ध उत्पादन सम्बन्धी व्यवसायिक वा सामूहिक कार्यमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त, ३० वर्ष उमेर पुरा भएको । |

**दरखास्त पेश गर्ने प्रक्रिया:**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ (पहिलो संशोधन २०७९) को अनुसूचि-२ बमोजिमको दरखास्त/प्रतिवद्धता पत्रका साथ आफुले मनोनित हुन चाहेको सूचना नं स्पष्ट उल्लेख गरी देहायका कागजातहरु पेश गर्नु पर्नेछ । माथि उल्लेखित निर्देशिकाको अनुसूचि- २ को आवेदन फारम कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेभसाइट www.moald.gov.np बाट Download गर्न सकिने छ ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ख) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट हासिल गरेको शैक्षिक योगयताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रहरुको प्रतिलिपि समेत)
ग) वैयक्तिक विवरण (CV)
घ) आफुलाई नै सम्बन्धित पदाधिकारीमा मनोनयन गर्नुपर्नाको कारण
ङ) निर्देशिकाको दफा ४ वमोजिम अयोग्य नभएको व्यहोरा (निर्देशिका मन्त्रालयको website www.moald.gov.np मा हेर्न सकिनेछ) ।
च) सरकारी निकायबाट जारी भएका योग्यता र अनुभव खुल्ने अन्य कागजातहरु
छ) आवेदकले पेश गर्ने सबै कागजातहरु स्वयम् प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

**अन्य विवरण:**

क) छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी माथि उल्लिखित पदपूर्ति सम्बन्धी प्रक्रिया स्थगित वा रद्द गर्न सक्नेछ ।
ख) मनोनयनका लागि सिफारिस गर्ने/नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार सिफारिस समितिमा निहित रहने छ । समितिले आवश्यक देखेका थप कागजातहरु जुनसुकै समयमा माग गर्न सक्नेछ ।
ग) थप जानकारीको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय (वोर्ड/संस्थान डेक्स) मा सम्पर्क गर्न सकिनेछ ।

**सिफारिस समिति**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**सिंहदरवार**